# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १, मितिः २०८०/०२/०१

## भाग–२

## भरतपुर महानगरपालिका मातहत संचालन हुने आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०

**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भरतपुर, चितवन

बागमती, नेपाल

# भरतपुर महानगरपालिका मातहत संचालन हुने आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०

पारित मितिः २०८०/०१/२६

प्रमाणिकरण मितिः २०८०/०२/०१

**प्रस्तावना:**

भरतपुर महानगरपालिकाको मातहत संचालित विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन वान्छनीय भएकोले स्थानीय सरकार संचालन एन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो मापदण्डको नाम "भरतपुर महानगरपालिका मातहत संचालन हुने आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड भरतपुर महानगरपालिकाको नगर कार्यपालिका बाट स्वीकृत भए पश्च्यात लागू हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "आयोजना" भन्नाले भरतपुर महानगरपालिका अन्तर्गत संचालित भरतपुर महानगरपालिकाको आन्तरिक श्रोत तथा संघीय र प्रदेश सरकारको साझेदारीमा संचालित आयोजनाहरुलाई सम्झनु पर्छ ।

ख) "ऐन"भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

ग) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्छ ।

घ) "प्रमुख"भन्नाले भरतपुर महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ङ) "उप प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

छ) "नगरसभा" भन्नाले भरतपुर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

ज) "बहुवर्षीय आयोजना" भन्नाले आयोजना कार्यन्वयन गर्न एक आर्थिक वर्ष भन्दा बढी समय लाग्ने आयोजना सम्झनु पर्छ ।

ज) "बहुवर्षीय ठेक्का" भन्नाले एक आर्थिक वर्ष भन्दा बढी अबधिमा आयोजना कार्यन्वयन गर्ने गरी गरीएको ठेक्का सम्झनु पर्छ ।

**३. बहुवर्षीय ठेक्का सहमति सीमा:**

(१) देहायका क्षेत्रमा कार्यान्वयन हुने सरकारी भबन निर्माण र सेवा खरिद आयोजनाको हकमा कुल लागत अनुमान २ करोड रुपैया र अन्यको हकमा कुल लागत अनुमान ३ करोड रुपैया भन्दा ढीको आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न स्रोतको सहमति दिन सकिनेछ :

क) सडक, जल यातायात तथा अन्य यातायात पूर्वाधार

ख) कृषि, औधोगिक तथा व्यापारजन्य पूर्वाधार

ग) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रबिधि पूर्वाधार

घ) सिचाई, खानेपानी, भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण पूर्वाधार

ङ) सांस्कृतिक, धार्मिक तथा पर्यटन पूर्वाधार

च) सूचना प्रविधि तथा नवप्रवर्तन

छ) वातवरण तथा विपद् व्यवस्थापन

ज) वस्ती विकास तथा भू उपयोग

झ) संयुक्त उद्यम

**४. बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार:**

(१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित  महाशाखाले देहायका मापदण्ड तथा आधारहरु अवलम्बन गर्नु पर्नेछ :

क) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि दुई वर्ष सम्मको भएमा लागत अनुमानको कम्तिमा तीस प्रतिशत, तीनवर्ष सम्मको भएमा लागत अनुमानको कम्तिमा बीस प्रतिशत र चार वर्षसम्म र सो भन्दा बढी भएमा लागत अनुमानको कम्तिमा पन्ध्र प्रतिशत बजेट चालुआर्थिक वर्षमा विनियोजन भएको, तर नगर कार्यपालिकाको निर्णयबाट संचालन हुने नगर स्तरीय गौरवको आयोजनाको हकमा बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति दिदा यो सीमा लागू हुने छैन ।

(२) बहुवर्षीय ठेक्काका लागि चालु आर्थिक वर्षको प्रथम चौमासिक भित्र स्वीकृति लिई सक्नु पर्नेछ । तर आर्थिक वर्ष २०७९/८० को हकमा यो मापदण्ड स्वीकृत भएको मितिले १ महिना भित्र स्वीकृति लिई सक्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारी वा सहलगानीमा संचालन हुने आयोजना भए आयोजनाको प्रकृति अनुसार महानगरपालिकाबाट स्रोत सुनिश्चित हुने छ ।

(४) आयोजनाको अवधि १ वर्ष भन्दा कम, सरकारी भवननिर्माणको हकमा लागत अनुमान १ करोड र अन्य निर्माणको हकमा लागत अनुमान २ करोड भन्दा कम भएका आयोजनाको हकमा विनियोजन रकम भन्दा बढी अंकको ठेक्का प्रकृया अगाडी बढाउन स्रोतको सहमति माग गर्दा बहुवर्षीय ठेक्का आयोजना स्वीकृति प्रकृया पुरा गर्नुपर्ने छैन ।

**५. आयोजनाको स्वीकृतिः**

(१) दफा ४ बमोजिमको आधारहरु पुरा भएका आयोजनाहरु मध्ये बहुवर्षीय आयोजना रुपमा संचालन गरीने आयोजना स्रोतको सहमतिको लागि ३ करोड लागत अनुमान सम्म नगर प्रमुखले र सो भन्दा बढी नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको स्रोतको सहमति प्रदान गर्न सकिने नसकिने सम्बन्धमा निर्णय गरी सोको जानकारी सम्बधित महाशाखालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्रोतको सहमति प्राप्त भए पश्च्यात उक्त आयोजनाहरुको विवरण योजना तथा बजेट शाखाले राख्नु पर्नेछ ।

**६. कार्यान्वयन गर्ने महाशाखा र जिम्मेवारीः**

(१) बहुवर्षीय आयोजना स्वीकृत भए पछि मात्र सम्बन्धित शाखा वा महाशाखाले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्नेछ ।

(२) बहुवर्षीय ठेका सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरुमा सिर्जना हुने दायित्व बजेट तर्जुमाका क्रममा प्राप्त बजेट सीमाभित्र रही योजना

तथा बजेट शाखाले विनियोजन प्रस्ताव गर्नु पर्नेछ ।

**७. आवश्यक व्यवस्था गर्न सक्ने:**

यस मापदण्डमा उल्लेख गरीएको विषयमा कुनै द्विविधा भएमा भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले व्याख्या गरे बमोजिम हुनेछ ।

**आज्ञाले**

**नरेन्द्र कुमार राना**

**प्रमुख प्रशासकिय अधिकृत**